# सर्वोच्च अदालतको आर्थिक वर्ष २०७७/०७८ को वार्षिक प्रतिवेदन सम्बन्धी

## प्रेस विज्ञप्ती

**मिति २०७८।१२।२५**

नेपालको संविधानको धारा १३८ बमोजिम सर्वोच्च अदालतको प्रत्येक वर्ष आफ्नो वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेश गर्नुपर्ने संवैधानिक व्यवस्थाअनुरूप सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूसमक्ष सर्वोच्च अदालतका सम्माननीय कायम मुकायम प्रधान न्यायाधीश श्री दीपककुमार कार्कीज्यूले सर्वोच्च अदालतको आर्थिक वर्ष २०७७/०७८ को वार्षिक प्रतिवेदन मिति २०७८।१२।२५ मा प्रस्तुत गर्नुभयो। प्रस्तुत प्रतिवेदनमा सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालत तथा अन्य अदालत तथा न्यायाधीकरणबाट भएका न्याय सम्पादन सम्बन्धी मुख्य मुख्य विवरण र न्यायपालिकाका समसायिक समस्या, चुनौती र न्यायपालिकाले राखेका अपेक्षासहितको प्रतिवेदनको सारसंक्षेप यसप्रकार छ।

### १. मुद्दा फछ्र्यौटतर्फ

### १.१ देशभरिको समग्र स्थिति

सर्वोच्च अदालतलगायत मातहत अदालत तथा न्यायाधिकरणहरूमा गत आर्थिक वर्षबाट जिम्मेवारी सरेको **१,२२,९८३ (एक लाख बाइस हजार नौ सय त्रियासी)** र यस आर्थिक वर्षमा नयाँ दर्ता भएका **१,७२,२२१ (एक लाख बहत्तर हजार दुई सय एक्काइस)** गरी जम्मा मुद्दाको वार्षिक लगत २,९५,२०४ **(दुइ लाख पन्चान्नब्बे हजार दुई सय चार)** कायम भएकोमा **१,५०,६७७ (एक लाख पचास हजार छ सय सतहत्तर)** अर्थात् ५१.०४ **प्रतिशत** मुद्दा फछ्र्यौट भई १,४४,५२७ **(एक लाख चौवालिस हजार पाँच सय सत्ताइस)** मुद्दा बाँकी रहेको छ।

### १.२ सर्वोच्च अदालत

सर्वोच्च अदालतमा गत आर्थिक वर्षबाट जिम्मेवारी सरेको **२४,७५६ (चौबिस हजार सात सय छपन्न)** र यस आर्थिक वर्षमा नयाँ दर्ता भएका **८,७१० (आठ हजार सात सय दश)** गरी जम्मा मुद्दाको लगत **३३,४६६ (तेत्तिस हजार चार सय छैसठ्ठी)** कायम भएकोमा सोमध्ये **५,६८९ (पाँच हजार छ सय उनान्नब्बे)** अर्थात् **१७.०० प्रतिशत** मुद्दा फछ्र्यौट भई **२७,७७७ (सत्ताईस हजार सात सय सतहत्तर)** मुद्दा बाँकी रहेको छ।

### १.३ उच्च अदालत

उच्च अदालतहरूमा गत आर्थिक वर्षबाट जिम्मेवारी सरेको १९,९९८ **(उन्नाइस हजार नौ सय अन्ठान्नब्बे)** थान र यस आर्थिक वर्षमा नयाँ दर्ता भएका **३६,४१९ (छत्तिस हजार चार सय उन्नाइस)** गरी मुद्दाको जम्मा लगत ५६,४१७ **(छपन्न हजार चार सय सत्र)** कायम भएकोमा **३३,५०४ (तेत्तिस हजार पाँच सय चार)** मुद्दा अर्थात् ५९.३९ प्रतिशत फछ्र्यौट भई **२२,९१३ (बाइस हजार नौ सय तेह्र)** मुद्दा बाँकी रहेको छ।

## १.४ जिल्ला अदालत

जिल्ला अदालतहरूमा गत आर्थिक वर्षबाट जिम्मेवारी सरेको **७६,०२१ (छहत्तर हजार एक्काइस)** र यस आर्थिक वर्षमा नयाँ दर्ता भएका १,२४,६६० **(एक लाख चौविस हजार छ सय साठी )** गरी मुद्दाको जम्मा लगत **२,००,६८१ (दुई लाख छ सय एकासी )** कायम भएकोमा १,०९,४९५ **(एक लाख नौ हजार चार सय पन्चान्नब्बे)** मुद्दा अर्थात् **५४.५६ प्रतिशत** फछ्र्यौट भई ९१,१८६ **(एकान्नब्बे हजार एक सय छयासी)** मुद्दा बाँकी रहेको छ।

## १.५ अन्य अदालत तथा न्यायाधिकरणहरू

अन्य अदालत तथा न्यायाधिकरणहरूमा गत आर्थिक वर्षबाट जिम्मेवारी सरेको **२,२०८ (दुई हजार दुई सय आठ)** र यस आर्थिक वर्षमा नयाँ दर्ता भएका २,४३२ **(दुई हजार चार सय बत्तिस)** गरी मुद्दाको जम्मा लगत ४,६४० **(चार हजार छ सय चालिस)** कायम भएकोमा **१,९८९ (एक हजार नौ सय उनान्नब्बे)** मुद्दा अर्थात् ४२.८७ **प्रतिशत** फछ्र्यौट भई **२,६५१ (दुई हजार छ सय एकाउन्न)** मुद्दा बाँकी रहेको छ।

## २. फैसला कार्यान्वयनतर्फ

## २.१ कैदतर्फ

यस आर्थिक वर्षमा कैदतर्फ १,४९,८६५ वर्ष १० महिना २२ दिन **(एक लाख उनन्पचास हजार आठ सय पैसठ्ठी वर्ष दस महिना बाइस दिन)** रहेकोमा सोमध्ये ४३,८६३ वर्ष ४ महिना २७ दिन **(त्रिचालिस हजार आठ सय त्रिसठ्ठी वर्ष चार महिना सत्ताईस दिन)** अर्थात् २९.२७ प्रतिशत कैद असुल भई १,०६,००२ वर्ष ५ महिना २५ दिन **(एक लाख छ हजार दुई वर्ष पाँच महिना पच्चिस दिन)** कैद असुल हुन बाँकी रहेको छ।

## २.२ जरिवानातर्फ

यस आर्थिक वर्षमा सबै जिल्ला अदालतहरूले असुल गर्नुपर्ने जरिवानाको कुल लगत रू.१८,२२,३३,०४,९८९.३४ **(अठार अरब बाईस करोड तेत्तिस लाख चार हजार नौ सय उनान्नब्बे रुपैयाँ चौतीस पैसा)** रहेकोमा सोमध्ये रू.१,९१,१५,९१,४६२.३९ **(एक अरब एकान्नब्बे करोड पन्ध्र लाख एकान्नब्बे हजार चार सय बैसठ्ठी रुपैयाँ उन्नचालिस पैसा)** अर्थात् **१०.४९ प्रतिशत** असुल भई रू.१६,३१,१७,१३,५२६.९५ **(सोह्र अरब एकतिस करोड सत्र लाख तेह्र हजार पाँच सय छब्बिस रुपैयाँ पन्चान्नब्बे पैसा)** असुल हुन बाँकी रहेको छ।

## २.३ फैसला कार्यान्वयनका निवेदनतर्फ

यस आर्थिक वर्षमा फैसला कार्यान्वयनका लागि जिल्ला अदालतहरूमा परेका निवेदनहरूको जम्मा लगत **३३,८८९ (तेत्तिस हजार आठ सय उनान्नब्बे)** रहेकोमा सोमध्ये **१२,८५७ (बाह्र हजार आठ सय सन्ताउन्न)** अर्थात् **३७.९४** प्रतिशत फछ्र्यौट भई **२१,०३२ (एक्काइस हजार बत्तिस)** बाँकी रहेको देखिन्छ।

### ३. निरीक्षण एवम् अनुगमनतर्फ

यस आर्थिक वर्षमा उच्च अदालत एवम् इजलासहरू गरी १० वटा अदालतहरुको भौतिक रूपमै निरीक्षण सुपरिवेक्षणको कार्य सम्पन्न भएको थियो भने कोभिड-१९ को प्रभावका कारण उच्च अदालत एवम् इजलासहरू गरी ६ वटा अदालतहरुको भिडिओ कन्फ्रेन्समार्फत निरीक्षण एवम् सुपरिवेक्षणको कार्य सम्पन्न भएको थियो।

### ४. नजिर तथा फैसलाहरूको प्रकाशन

नेपाल कानून पत्रिकाको भाग ६२, २०७८ अंक १० र सर्वोच्च अदालत बुलेटिन वर्ष २९ पूर्णाङ्क ६८० सम्म प्रकाशन गरीएको छ। २०१५ सालदेखि हालसम्म नेपाल कानून पत्रिकामा प्रकाशित सबै निर्णयहरू विभिन्न आधारमा खोज्न मिल्ने गरी सर्वोच्च अदालतको वेभ पृष्ठमा राखिएको छ।

### ५. अभिलेख

हाल अदालतहरूमा ३६ लाख ५८ हजार ७६५ अभिलेख मिसिल रहेका छन्। प्रतिवेदन वर्षमा करीव ६५ हजार मिसिल संलग्न कागजातहरुको स्क्यान गरी सफ्टवेयरमा अपलोड गर्ने कार्य सम्पन्न गरिएको छ।

### ६. बित्तीय विवरण

आर्थिक वर्ष २०७७/७८ मा समग्र न्यायपालिकाको लागि जम्मा बिनियोजित बजेट रु. ८,२१,६९,६५,८४७ (रु आठ अरब एक्काइस करोड उनन्सत्तरी लाख पैंसठ्ठी हजार आठ सय सत्चालिस) मध्ये रु ६,९३,५५,५९,१८९ (रु. छ अरब त्रियान्नब्बे करोड पचपन्न लाख उनन्साठी हजार एक सय उनान्नब्बे) अर्थात् ८४.४१% निकासा भई खर्च भएको थियो।

### ७. न्यायपालिकाका विद्यमान समस्या र सुझावहरू

### १. न्यायपालिकाको स्वतन्त्रता र स्वायत्तता

नेपालको संविधानको धारा १२६ ले न्यायसम्बन्धी सम्पूर्ण अधिकार अदालत र न्यायिक निकायहरूमा रहने व्यवस्था गरेको छ। न्यायपालिकाको संविधान प्रदत्त जिम्मेवारी निर्वाहका लागि न्यायपालिकाको कार्यात्मक स्वतन्त्रता र स्वायत्तता न्यूनतम पूर्वसर्तको रूपमा लिने गरिन्छ। नेपालको सन्दर्भमा स्रोत साधनको सन्दर्भमा न्यायपालिका कार्यपालिकाप्रति पूर्ण निर्भर रहनुपर्ने अवस्था छ। राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयका प्रतिनिधिको सहभागितामा तर्जुमा गरिएको योजनाले प्रक्षेपण गरेको बजेट तथा स्रोत साधनको सुनिश्चितता हुन सकेको छैन। राष्ट्रिय बजेट तर्जुमाको क्रममा सिलिङ निर्धारण गर्नुअगाडि न्यायपालिकाको रणनीतिक योजनालाई आधार मानी छलफलसमेत हुन सकेको छैन। अदालतहरूलाई प्राप्त बजेट परिचालनमा स्वायत्तता छैन। यस तर्फ विगत लामो समयदेखि सर्वोच्च अदालतले सरोकार जनाउँदै आएको भए पनि उचित सम्बोधन तथा समन्वय हुन सकेको छैन।

आर्थिक तथा प्रशासनिक स्वायत्तताको अभावमा न्यायिक स्वतन्त्रता, सक्षमता र प्रभावकारिता कायम हुन सक्दैन। न्यायपालिका सुधारका निश्चित विधि र प्रक्रियाबमोजिम पहिचान गरिएका सुधार योजना र कार्यक्रमहरूको कार्यान्वनका लागि आवश्यक स्रोत साधनको प्राप्ति र परिचालनमा स्वायत्तताको सुनिश्चितताका लागि सम्बन्धित सरोकारवाला पक्षबाट सकारात्मक रूपमा सहयोगको अपेक्षा गरिएको छ।

## २. अदालतहरूको कार्यबोझ सम्बन्धमा

अदालतहरूको कार्यचाप निरन्तर रूपमा बढ्दै गएको छ।विगत १० वर्षको अवधिमा अदालतहरूको समग्र कार्यबोझ ९२.२५ प्रतिशतले वृद्धि भएको छ भने सोही अवधिमा सर्वोच्च अदालतमा ७५.६५ प्रतिशतले मुद्दाको लगत वृद्धि भएको देखिन्छ। सर्वोच्च अदालतको कार्यबोझ व्यवस्थापकीय दृष्टिकोणबाट चुनौतीपूर्ण देखिएको छ। अदालतको कार्य समय विस्तार तथा अतिरिक्त समय काम गर्न सञ्चालनमा ल्याइएका उपायहरूले निरन्तरता पाउन सकेका छैनन्। सर्वोच्च अदालतको मुद्दा व्यवस्थापन पद्धतिको सुधारका सम्बन्धमा रणनीतिक योजनाले पहिचान गरेका संवैधानिक, कानूनी र व्यवस्थापकीय रूपमा सम्बोधन गर्नुपर्ने विषयहरूका सम्बन्धमा सम्बद्ध निकायहरूबाट विशेष पहल हुनुपर्ने देखिन्छ।

## ३. फैसला कार्यान्वयनको प्रभावकारिता अभिवृद्धि

नेपालको संविधानको धारा १२६ ले मुद्दा मामिलाको रोहमा अदालतले दिएको आदेश वा निर्णय सबैले पालना गर्नुपर्ने व्यवस्था गरेको छ । अदालतको फैसलाबाट कैद तथा दण्ड जरिवानाको सजाय भई असुली हुन बाँकी रहेका व्यक्तिहरूलाई राज्यबाट प्राप्त हुने सेवा सुविधा प्रदान गर्दा सो दण्ड जरिवाना असुल गर्ने नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकिएको छैन।

न्यायपालिकाको रणनीतिक योजनाले फैसला कार्यान्वयनमा प्रभावकारिता ल्याउन फैसला कार्यान्वयनको विशेष अभियानलगायतका विभिन्न रणनीतिहरू अख्तियार गरेको भए तापनि सरोकारवाला निकायहरूको समन्वयात्मक प्रयासको कमीका कारण फैसला कार्यान्वयनमा आशातीत सफलता हासिल हुन सकेको छैन। फैसला कार्यान्वयनको सम्बन्धमा न्यायपालिकाको रणनीतिक योजनाले व्यवस्था गरेका रणनीतिक क्रियाकलापहरूको प्रभावकारी रूपमा कार्यान्वयनका लागि सहयोग, समन्वय र आवश्यक स्रोत साधनको व्यवस्थापनमा सम्बन्धित निकायहरूको थप सक्रियताको अपेक्षा गरिएको छ ।

## ४ फरक मुद्दा व्यवस्थापन पद्धतिको कार्यान्वयन

न्यायिक प्रक्रियामा सूचना प्रविधिको प्रयोग गरी न्याय सम्पादनको कार्यलाई छिटो, छरितो, कम खर्चिलो, पारदर्शी र न्यायिक प्रक्रियालाई पूर्व अनुमानयोग्य र सहभागितामूलक बनाई जनताको न्यायमा सहज पहुँच कायम गर्नको लागि सफ्टवेयर निर्माण एवं जनशक्तिलाई प्रशिक्षण दिनेलगायतका नीतिगत र व्यवस्थापकीय कार्यहरू सम्पन्न गरी २०७७ साउनदेखि जिल्ला अदालतहरू र भाद्रदेखि उच्च अदालतहरूमा फरक मुद्दा व्यवस्थापन पद्धति लागु गरिएको छ । यस पद्धति अन्तर्गत अदालतहरूमा दर्ता हुने

मुद्दाहरूलाई सरल मार्ग, सामान्य मार्ग र विशेष मार्ग समूहमा वर्गीकरण गरी क्रमशः ६ महिनाभित्र, १२ महिनाभित्र र १८ महिनाभित्र फछ्र्योट गर्ने लक्ष्य निर्धारण गरिएको छ। यो व्यवस्था आर्थिक वर्ष २०८० साउन १ गतेदेखि सर्वोच्च अदालतमा समेत लागु गर्ने लक्ष्य रहेको छ।

फरक मुद्दा व्यवस्थापन पद्धतिको पहिलो वर्षको कार्यान्वयनको अवस्था सकारात्मक देखिएको छ। यस पद्धतिको कार्यान्वयनमा देखिन सक्ने समस्याहरूको सम्बोधन तथा सफ्टवेयर प्रणालीको आवश्यकता अनुसार सुधार र समग्र प्रक्रियाको प्रभावकारिताका लागि सर्वोच्च अदालतमा निर्देशक समिति गठन भई क्रियाशील रहेको छ। कम्प्युटर प्रणालीबाट सञ्चालन हुने नविन पद्धतिको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक कम्प्युटर तथा इन्टरनेटसम्बन्धी पूर्वाधारको व्यवस्थापन, न्यायिक जनशक्ति तथा सम्बद्ध सरोकारवालाहरूबिच निरन्तर अन्तर्क्रिया तथा समन्वय गर्नुपर्ने छ। आवधिक समीक्षाका आधारमा समग्र प्रणालीको सम्परीक्षण तथा सुधार गर्नुपर्ने हुन्छ। यसका लागि योजनाले निर्धारण गरेका रणनीतिक कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक स्रोत साधनको सुनिश्चितताका लागि सम्बन्धित निकायबाट सार्थक सहयोगको अपेक्षा गरिएको छ।

## ५ क्षतिपूर्तिसहितको न्यायको सुनिश्चितता

नेपालको संविधानले अपराध पीडितलाई सामाजिक पुनःस्थापना र क्षतिपूर्तिसहितको न्याय सुनिश्चित गरेको छ। अपराध पीडितको पुनर्स्थापकीय न्यायको सुनिश्चितताका लागि सर्वोच्च अदालतबाट महत्त्वपूर्ण फैसला भएका छन्। न्यायिक क्षेत्रबाट भएको निरन्तरको प्रयास स्वरूप पीडित राहत कोषसम्बन्धी कानूनी प्रबन्ध भई कोष सञ्चालनमा आएको छ। फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ को उपदफा ७ र अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिमको क्षतिपूर्ति शुल्क बापतको रकम पीडित राहत कोषमा जम्मा हुने व्यवस्था रहेको छ। पीडितलाई क्षतिपूर्तिसहितको न्यायको सुनिश्चितताका लागि सृजित दायित्वको तुलनामा कोषमा मौज्दात रहेको रकम न्यून देखिएको छ। यसका लागि फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ४८ बमोजिमको रकम समयमै पीडित राहत कोषमा उपलब्ध गराउनुका साथै अन्य आवश्यक पर्ने रकमसमेत नेपाल सरकारले व्यवस्थापन गर्नुपर्ने देखिन्छ।

## ६. न्यायमा पहुँच अभिवृद्धि

न्यायमा सहज पहुँच अभिवृद्धि गर्न न्यायपालिकाले असमर्थ पक्षका लागि वैतनिक कानून व्यवसायीको सेवालाई प्रभावकारी बनाउने, अदालतको सूचना तथा सहायता कक्षलाई थप सुदृढीकरण गर्ने, कर्मचारीको व्यवहारलाई सेवाग्राहीमैत्री बनाउने तथा तत्काल सम्पन्न गर्न सकिने प्रकृतिका सेवाहरू सेवाग्राहीलाई एक घण्टाभित्र प्रदान गर्ने जस्ता व्यवस्थापकीय सुधारका कार्यहरू सञ्चालन गर्दै आएको छ । न्यायमा सहज पहुँच अभिवृद्धिका लागि न्यायमा पहुँच आयोग क्रियाशील रहेको छ। आयोगले प्रतिवेदन वर्षमा लक्षित वर्गका हक अधिकार

संरक्षण गर्ने उद्देश्यले विषयगत जानकारीमूलक पुस्तिकाहरू तयार गरी वितरण गरेको थियो। न्यायमा पहुँच अभिवृद्धि गर्ने उद्देश्यले आयोगद्वारा तयार भएको कार्य योजनाको प्रभावकारी कार्यान्वयनमा सम्बद्ध सरोकारवाला निकायहरूको भूमिका र दायित्व प्रभावकारी रूपमा निर्वाह हुनेमा न्यायपालिका विश्वस्त रहेको छ।

## ७. न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयन

स्वतन्त्र, सक्षम र सबैको पहुँचयोग्य न्यायप्रणाली र पूर्वअनुमानयोग्य न्यायिक प्रक्रियाको विकास गरी सबैका लागि न्याय सुनिश्चित गर्ने मूल लक्ष्यका साथ सर्वोच्च अदालतले रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। हाल न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयनको क्रममा रहेको छ। सूचना प्रविधिको उच्चतम प्रयोग गरी न्यायप्रणाली सुधारका लागि योजनाले निर्धारण गरेका दीर्घकालीन महत्त्वका कार्यक्रमहरू चालु पन्ध्रौं राष्ट्रिय योजनामा समावेश भए तापनि योजनाले लक्ष्य निर्धारण गरेअनुसारको कार्यक्रमहरू सञ्चालन गर्नको लागि पर्याप्त बजेट तथा आवश्यक स्रोत साधन उपलब्ध हुन सकेको छैन। न्यायपालिका सुधारका निर्धारित विधि र प्रक्रियाबाट पहिचान गरिएका कार्यक्रमहरू राष्ट्रिय विकास योजनाको प्राथमिकतामा पर्न सकेका छैनन्। राष्ट्रिय योजना आयोगलगायतका सम्बन्धित निकायबाट न्यायपालिकाको रणनीतिक योजनाले निर्धारण गरेका रणनीतिक कार्यक्रमहरू सञ्चालनका लागि प्रक्षेपण गरेको बजेटलगायत स्रोत साधन व्यवस्थापनमा आवश्यक सहयोगको आवश्यकता महसुस गरिएको छ।

## ८ क्षेत्राधिकारसम्बन्धी कानूनी व्यवस्थाको पुनरावलोकन

सर्वोच्च अदालतको बढ्दो कार्यचाप तथा योजनाले निर्धारण गरेको कार्य सम्पादन सूचक र कार्य प्रगतिबिचको सन्तुलन कायम गर्नको लागि न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजनाले अदालतहरूको क्षेत्राधिकार पुनरावलोकन तथा आन्तरिक व्यवस्थापन लगायतका विषयहरूमा उच्चस्तरीय अध्ययन गरी प्राप्त सुझावहरूको कार्यान्वयन गर्ने व्यवस्था गरेको छ। अदालतहरूको विद्यमान कार्यबोझसमेतका आधारमा अदालतहरूको क्षेत्राधिकार पुनरावलोकन गर्ने सम्बन्धमा योजनाले निर्धारण गरेबमोजिम अध्ययन कार्य अगाडि बढाउन सम्बद्ध निकायबाट आवश्यक सहयोग तथा समन्वय हुने विश्वास गरिएको छ ।

## ९. मुलुकी संहिताहरूको प्रभावकारी कार्यान्वयन

न्याय र कानूनको क्षेत्रमा विकसित नवीनतम् अवधारणा एवम् विधिशास्त्रीय मान्यताहरूलाई संहिताहरूले आत्मसात् गरेको कारण अदालतको कार्यक्षेत्रमा विस्तार भएको छ । न्याय सम्पादनको कार्य एकल प्रयासबाट मात्र सम्भव नहुने र अन्य निकाय एवम् पदाधिकारीहरूको समेत भूमिका हुने भएकाले त्यस्ता निकायहरूको सहयोग तथा अदालतहरूमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धिका लागि आवश्यक श्रोत साधनको व्यवस्थापनमा समेत सम्बन्धित सरोकारवाला निकायहरूले पर्याप्त ध्यान दिनुपर्ने देखिन्छ ।

### १०. न्यायिक प्रक्रियामा सूचना प्रविधिको प्रयोग

न्यायिक प्रक्रियामा सूचना प्रविधिको प्रयोगलाई उच्च प्राथमिकतामा राखिएको छ। न्यायपालिकामा सूचना प्रविधिको प्रयोगका पूर्वाधार तयारीका लागि कम्प्युटर प्रणालीको संरचना तयार गरी विषयगत सफ्टवेयरहरू सञ्चालनमा ल्याइएको छ। सूचना प्रविधिको प्रयोगका नयाँ नयाँ क्षेत्रहरू पहिचानसमेत भएका छन्। सूचना प्रविधिसम्बन्धी १० वर्षे गुरुयोजना तयार गरी कार्यान्वयनमा ल्याइएको छ। हालै उक्त गुरु योजनाको मध्यावधि मूल्यांकन गरी समसामयिक परिमार्जन समेत गरिएको छ। न्यायपालिकाको सूचना प्रविधिसम्बन्धी गुरु योजना कार्यान्वयनको लागि आवश्यक पर्ने स्रोत साधनको व्यवस्थापनमा अर्थपूर्ण सहयोग र प्रभावकारी समन्वय हुनेमा विश्वास लिइएको छ।

### ११. न्यायिक जनशक्तिहरूको क्षमता अभिवृद्धि

न्यायपालिकामा लागु गरिएका नयाँ-नयाँ पद्धति एवम् नविन्तम कानूनी अवधारणालाई व्यवहारमा कार्यान्वयन गर्नका लागि जनशक्तिको क्षमता अभिवृद्धि गर्न आवश्यक रहेको छ । जनशक्तिको क्षमता अभिवृद्धिको लागि उच्च शिक्षा, व्यावसायिक तालिम, अवलोकन भ्रमणलगायतका कार्यक्रमहरूको व्यवस्थापन गर्नुपर्ने हुन्छ। प्रचलित कानून, तालिम नीति एवम् रणनीतिक योजनाले निर्धारण गरेबमोजिम न्यायिक जनशक्तिको क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्नको लागि आवश्यक स्रोत साधनको व्यवस्थापनमा उचित सम्बोधन हुनुपर्ने देखिएको छ ।

### १२. मातहत अदालत तथा न्यायिक निकायको अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण

सार्वजनिक निकायहरूबाट प्रवाह हुने सेवाको प्रभावकारिता तथा गुणस्तरीयता कायम गर्नका लागि माथिल्लो निकायबाट कानूनले निर्धारण गरेको प्रक्रिया तथा मापदण्डबमोजिम हुने अनुगमन, निरीक्षण तथा सुपरिवेक्षणको महत्त्वपूर्ण भूमिका रहन्छ। स्थानीय तहअन्तर्गतका न्यायिक निकायहरूको निर्णयउपर जिल्ला अदालतमा पुनरावेदन लाग्ने हुँदा अदालतको निरीक्षण तथा सुपरिवेक्षणको क्षेत्र विस्तार भएको छ।पुनरावेदन सुन्ने अदालतबाट मातहत अदालत तथा न्यायिक निकायहरूको निरीक्षण तथा अनुगमनका क्रममा दिइएका निर्देशनहरूको कार्यान्वयनका लागि मातहत निकायहरू सक्रिय तथा क्रियाशील रहनुपर्ने हुन्छ।

### १३. मेलमिलाप पद्धतिको प्रभावकारिता

नेपालको न्यायिक प्रक्रियामा मेलमिलाप पद्धतिलाई विवाद समाधानको वैकल्पिक उपायको रूपमा आत्मसात गरिएको छ। हाल मेलमिलाप प्रक्रियाबाट विवादहरूको समाधान हुने क्षेत्र विस्तार भएको अवस्था छ। परिवर्तित सन्दर्भ समेतलाई मध्यनजर गरी प्रतिवेदन वर्षमा मेलमिलाप परिषद्ले रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। योजनाले ६ बटा रणनीतिक कार्यदिशाअन्तर्गत ३४ रणनीतिक क्रियाकलापहरू निर्धारण गरेको छ। मेलमिलाप प्रक्रियालाई थप प्रभावकारी बनाई विवादको दिगो समाधानका लागि उपयुक्त वातावरण सृजना गर्न मेलमिलाप परिषदबाट तर्जुमा गरिएको रणनीतिक योजनाको

प्रभावकारी कार्यान्वयनका लागि लाग्ने स्रोत साधनको व्यवस्थापन तथा प्रभावकारी सहयोग र समन्वयको आवश्यकता महसुस गरिएको छ ।

### १४. बाल न्याय प्रणालीको प्रवर्द्धन

नेपालको संविधानको धारा ३९ ले बाल अनुकूलको न्याय प्रदान गरिने कुराको प्रत्याभूत गरेको छ। बालबालिकालाई सकेसम्म औपचारिक न्यायिक प्रक्रियामा नल्याई दिशान्तर गर्नुपर्ने मान्यतालाई प्राथमिकतामा राखिएको छ। बालबालिका पक्ष भएका मुद्दाहरूको संख्या उल्लेख्य मात्रामा बढेको अवस्था छ। नेपालभर हाल जम्मा ८ वटा बालसुधार गृहहरू सञ्चालनमा रहेको अवस्था छ । बालबालिका पक्ष रहेका मुद्दाहरूको संख्याका आधारमा आवश्यकतानुसार उपयुक्त स्थानहरूमा न्यूनतम क्षमताको बालसुधार गृह सञ्चालन गर्नुपर्ने आवश्यकता महसुस गरिएको छ । केन्द्रीय बाल न्याय समितिले विकास गरेको बालसुधार गृहसम्बन्धी मापदण्डका आधारमा बालसुधार गृहहरूको तत्काल स्तरोन्नति एवम् अन्य पूर्वाधारहरू निर्माणका लागि नेपाल सरकारलगायत सम्बद्ध सरोकारवाला निकायहरूबाट अर्थपूर्ण सहयोग र समन्वय हुनुपर्ने देखिन्छ।

### १५. विशिष्टीकृत अदालत तथा न्यायाधिकरण

नेपालको संविधानले विशेष प्रकृतिका मुद्दाहरूको कारबाही तथा किनाराका लागि विशिष्टीकृत अदालत तथा न्यायाधिकरणहरू गठन गर्न सकिने व्यवस्था गरेको छ। उक्त संवैधानिक व्यवस्था समेतका आधारमा विशेष प्रकृतिका अदालत तथा न्यायाधिकरणहरूको गठन भई सञ्चालनमा रहेका छन्। त्यस प्रकारका अदालत तथा न्यायाधिकरणहरूका लागि आवश्यक जनशक्ति तथा सेवा प्रवाहका लागि पर्याप्त भौतिक पूर्वाधार र स्रोत साधनको व्यवस्थापन हुन सकेको छैन। विशिष्टीकृत अदालत तथा न्यायाधिकरणहरूको सेवा प्रवाहका भौतिक पूर्वाधारको व्यवस्था, स्थायी प्रकृतिको जनशक्ति व्यवस्थापनका लागि संगठन तथा व्यवस्थापन सर्भेक्षण तथा आवश्यक कार्यविधि तर्जुमा गर्नुपर्ने देखिएको छ ।

### १६. न्यायाधीश र न्यायिक जनशक्तिको सुविधा र उत्प्रेरणा

न्यायपालिकामा कार्यरत जनशक्तिको कामको प्रकृति र हालको कार्यबोझसमेतलाई मध्यनजर गर्दा नियमित कार्यालय समयको अतिरिक्त बिहान बेलुकाको समयमा फैसला वा आदेशको पूर्णपाठ तयारीको कार्यमा संलग्न हुनुपर्ने अवस्था रहेको छ ।न्यायाधीशहरूको पदीय मर्यादा तथा जिम्मेवारीसमेतलाई मध्यनजर राखी सोअनुरूपको तलव भत्ता तथा सुविधा निर्धारण गर्नको लागि एक स्वतन्त्र Judicial Pay Commission गठन गर्न र न्यायपालिकामा कार्यरत जनशक्तिको सेवा सुविधाको समेत उपयुक्त स्तर निर्धारण गरी न्याय सेवा सबैको रोजाई तथा आकर्षणको सेवा बनाउनुपर्ने छ।नेपालको संविधानको धारा १५५ बमोजिम न्याय सेवाको लागि छुट्टै सेवाका सर्त र सुविधासम्बन्धी कानूनी प्रबन्ध गर्नेतर्फ नेपाल सरकार लगायत सम्बद्ध निकायहरूको ध्यान पुग्ने विश्वास लिइएको छ ।

## १७. न्यायिक कोष ऐन, २०४३ को कार्यान्वयन

न्यायपालिका सुधारका लागि सञ्चालित विभिन्न कार्यक्रमहरूका लागि आवश्यक बजेट उपलब्ध हुन नसकिरहेको सन्दर्भमा न्यायिक कोषलाई सञ्चालन गरी उक्त कोषमा रहेको रकमको ब्याज परिचालन गरी न्यायपालिका सुधार कार्यक्रमका लागि आवश्यक रकम व्यवस्थापनको बिकल्प सृजना गर्ने संभावना देखिन्छ । न्यायिक कोषसम्बन्धी कानूनी व्यवस्थाबमोजिम उक्त कोषको सञ्चालन गरी अदालतहरूका लागि आवश्यक पर्ने स्रोत साधन व्यवस्थापनको लागि वैकल्पिक अवसर सिर्जना गर्नेतर्फ सोच विकास गर्नुपर्ने देखिएको छ ।

## १८. कानूनी शिक्षाको गुणस्तरीयता अभिवृद्धि

विश्वविद्यालयहरूबाट कानूनको शिक्षा हासिल गरेको जनशक्ति कानून र न्यायको क्षेत्रमा क्रियाशील हुने हुँदा कानूनी शिक्षाको गुणस्तर अभिवृद्धि गरी आवश्यक ज्ञान सीप र दक्षतायुक्त जनशक्ति विकासका लागि सम्बद्ध निकायहरूका बीचको सहकार्य र समन्वयले निरन्तरता पाउने कुरामा सर्वोच्च अदालत विश्वस्त रहेको छ ।

## १९. विकृतिविहीन न्यायपालिकासम्बन्धी अध्ययन प्रतिवेदन

न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजनाले गरेको व्यवस्थाबमोजिम न्यायपालिकामा हुनसक्ने विकृति, विसंगतिको नियन्त्रण र रोकथामका लागि उपयुक्त र प्रभावकारी उपायहरू सिफारिस गर्न माननीय न्यायाधीश श्री हरिकृष्ण कार्कीको संयोजकत्वमा अध्ययन समिति गठन भएको थियो । उक्त समितिले प्रतिवेदन वर्षमा केन्द्र तथा प्रदेशस्तरमा विभिन्न वर्ग र क्षेत्रका व्यक्तिहरूसँग छलफल एवम् अन्तरक्रियासमेत गरी मिति २०७८।०४।१४ गते सम्माननीय प्रधान न्यायाधीशज्यूसमक्ष प्रतिवेदन पेस गरेको थियो। प्रतिवेदनले दिएको सुझावसमेतका आधारमा प्रस्तुत वार्षिक प्रतिवेदन तयार हुँदाको अवस्थासम्ममा अदालतहरूमा स्वचालित पेसी प्रणाली लागु नभएसम्मका लागि गोला प्रक्रियाबाट पेसी तोक्ने कार्य प्रारम्भ भईसकेको छ भने बाँकी अन्य सुझावहरू सर्वोच्च अदालतको पूर्ण बैठकमा छलफलको क्रममा रहेको छ। सर्वोच्च अदालत पूर्ण बैठकको छलफलबाट अनुमोदन भई लागु हुने सिफारिसहरू कार्यान्वयनका लागि नेपाल सरकारलगायत सम्बन्धित सबै सरोकारवाला निकायहरूबाट आवश्यक सहयोग र समन्वयको अपेक्षा गरिएको छ।

## २०. स्वचालित पेसी व्यवस्थापनसम्बन्धी अध्ययन प्रतिवेदन

पूर्व अध्ययन प्रतिवेदनहरूको अध्ययनसमेतका आधारमा अदालतहरूमा स्वचालित पेसी प्रणाली लागु गर्ने सम्बन्धमा तयार भएको प्रतिवेदन पेस भइसकेको छ। सफ्टवेयर प्रणालीबाट सञ्चालन हुने स्वचालित पेसी व्यवस्थापन प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक कम्प्युटर प्रणालीको पूर्वाधार विकास, सफ्टवेयर निर्माण र सुरक्षा, सफ्टवेयर सञ्चालनका लागि सिप हस्तान्तरणलगायतका कार्यक्रम सञ्चालन गर्नुपर्ने हुन्छ। यस प्रयोजनका लागि आवश्यक स्रोत साधनको व्यवस्थापन र सरोकारवालाहरूबाट आवश्यक सहयोग र समन्वय प्राप्त हुनुपर्ने देखिन्छ ।

## २१. दिगो विकासका लक्ष्यहरू र न्यायपालिका

संयुक्त राष्ट्र संघले कार्यान्वयनमा ल्याएको दिगो विकाससम्बन्धी विभिन्न लक्ष्यहरूमध्ये लक्ष्य १६ न्यायपालिका र न्याय प्रणालीसँग सम्बन्धित रहेको छ। संयुक्त राष्ट्र संघको दिगो विकास सम्बन्धी लक्ष्य १६ ले निर्धारण गरेका सूचकहरूबमोजिमको प्रगति हासिल गर्न सम्बद्ध सरोकारवाला निकायहरूबिच सहयोग र समन्वयको आवश्यकता देखिएको छ।

## २२. अभिलेख मिसिलको वैज्ञानिक व्यवस्थापन

आर्थिक वर्ष २०७७।०७८ को अन्त्यसम्म देशभरका अदालतहरूमा ३६ लाख ५८ हजार ७६५ थान मुद्दाका अभिलेख मिसिलहरू रहेका छन् । अभिलेख मिसिलहरूको इलेक्ट्रोनिक प्रति तयार गरी व्यवस्थापन गर्ने प्रयोजनका लागि सफ्टवेयर निर्माण गरी प्रतिवेदन वर्षमा विभिन्न अदालतहरूमा रहेका अभिलेख मिसिलहरूमध्ये ६५ हजार मिसिलको स्क्यान गरी सफ्टवेयरमा अपलोड गरिएको छ। अभिलेख मिसिलको वैज्ञानिक व्यवस्थापनका लागि आवश्यक स्रोत साधनको व्यवस्थापनमा सम्बन्धित निकायबाट आवश्यक सहयोग प्राप्त हुने विश्वास लिइएको छ ।

## २३. कोभिड-१९ले मुद्दा फछ्र्यौट र योजना कार्यान्वयनमा पारेको प्रभाव

प्रतिवेदन वर्ष २०७७/०७८ मा कोभिड-१९ को प्रभावका कारण आर्थिक वर्षको शुरुका ३ महिना तथा अन्तिमका ३ महिना गरी करिब छ महिनाको नियमित सेवाप्रवाहमा गर्नु परेको सङ्कुचनको कारण निर्धारित लक्ष्यअनुरूप प्रगति हासिल हुन सकेन । स्वास्थ्य सेवा नियमित गर्ने, कोभिड-१९ को खोप व्यवस्थापन गर्नेलगायत कोभिड-१९ को व्यवस्थापन र न्यायिक प्रकृयालाई नियमित गर्ने सम्बन्धमा सर्वोच्च अदालतबाट महत्त्वपूर्ण आदेशहरू जारी भएका थिए। कोभिड-१९ को प्रभाव पूर्णरूपमा अन्त्य भईनसकेको सन्दर्भमा मुद्दा फछ्र्यौट तथा न्यायपालिकाको रणनीतिक योजना कार्यान्वयनमा परेको र भविष्यमा पर्न सक्ने प्रभाव व्यवस्थापनका लागि जोखिम न्यूनीकरणसम्बन्धी कार्य योजना तयार गरी कार्यान्वयन गर्नुपर्ने अवस्था विद्यमान रहेको छ ।

न्यायपालिकाले सञ्चालन गरेका सुधारका कार्यक्रम र न्यायपालिकाप्रतिको आम अपेक्षाका सन्दर्भमा अनुभूत गरिएका उल्लिखित सरोकार, समस्या तथा चुनौतीहरू न्यायपालिकाको एक्लो प्रयासबाट मात्र सम्बोधन हुन सम्भव छैन। सम्बन्धित सबैको सहयोग, समन्वय र सकारात्मक सोचबाट मात्रै यी विषयहरूको सम्बोधन हुन सक्दछ भन्ने कुरामा न्यायपालिका दृढ विश्वास राख्दछ। न्याय व्यवस्थालाई प्रभावकारी बनाई न्यायपूर्ण समाजको निर्माण गर्नु राज्यको प्रमुख दायित्व हो। न्याय प्रणालीको सफलता वा असफलतालाई न्यायपालिकामा मात्र सीमित गरी एकाङ्की रूपमा हेरिनु हुँदैन। न्याय सम्पादनका विभिन्न चरणहरूमा सरोकारवालाहरूको आपसी सहयोग, सहकार्य र समन्वय अपरिहार्य रहन्छ। न्यायपालिकाले व्यक्त गरेको धारणा, अपेक्षा र सरोकारप्रति नेपाल सरकारलगायत सम्बन्धित सबै सरोकारवालाको सहयोग, सहकार्य र समन्वय थप प्रभावकारी हुने अपेक्षा

गरेको छ। साथै न्यायिक काम कारबाहीमा क्रियाशील न्यायाधीश तथा कर्मचारीसमेतको सकारात्मक भूमिकाबाट न्यायपालिकाको रणनीतिक योजना सफल हुने विश्वास लिएको छु।

*सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन वेवसइटमा राखिसकिएको हुँदा सो सम्बन्धी बिस्तृत विवरण* ***Supremecourt.gov.np*** *मा हेर्न सकिनेछ।*

**धन्यवाद !**